## बैलिस्टिक मिसाइल आक्रमणको अवस्थामा गर्नुपर्ने कार्यहरु (क्याबिनेट सचिवालय)

बैलिस्टिक मिसाइल साह्रै छोटो अवधिभित्र आफ्नो लक्ष्यमा पुग्दछ । जापानमा बैलिस्टिक मिसाइल अवतरण हुने संभावना देखिएमा जे अर्लटमार्फत एक विशेष सन्देशकासाथ साइरन बज्नेछ । साथै आपत्कालिन इमेल सिस्टमबाट आपत्कालिन जानकारी पठाइनेछ । (यो मोबाइल फोनबाहकले प्रदान गर्ने सेवा हो । यो सेवाबाट, तपाईले फोन लाइन अत्यन्त व्यस्त हुँदापनि आकस्मिक भूकम्पको रिर्पोट, सुनामीको चेतावनी, प्रकोप/निकासीबारेमा जानकारी प्राप्त गर्न सक्नुहुन्छ । यस किसिमका सुचना पाउदाँ तपाईको फोन विशेष तरिकाले बज्नेछ । यस सेवा प्रयोग गर्नकोलागि कुनै किसिमको दर्ता चाहिदैन ।) सरकारले पनि समयसमयमा महत्वपूर्ण सुचनाहरु पत्रपत्रिका, प्रसारण नेटवर्क, इन्टरनेटमार्फत प्रदान गर्नेछ । यस्ता सुचनाहरुकोलागि कृपया टिभी, रेडियोआदि हेर्ने/सुन्ने गर्नुहोला ।

१. ठाउँ तुरुन्त खाली गर्नुहोस् ।
२. सही जानकारी जम्मा गर्नुहोस् ।

*** सरकारद्वारा जारी निर्देशन पालना गर्नुहोस् । शान्त प्रकारले कार्य अपनाउनुहोस् ।**

Cabinet Secretariat
**Civil Protection Portal Site**

[http://www.kokuminhogo.go.jp/en/pc-index_e.html](http://www.kokuminhogo.go.jp/en/pc-index_e.html) (अंग्रेजीमा)

(जस्तै) ठाउँ तुरुन्त खाली गर्नुहोस् । ठाउँ तुरुन्त खाली गर्नुहोस् । कतै आश्रय लिनुहोस् । भवनभित्र जानुहोस् । मिसाइलको कुनै भाग जमिनमा खस्न सक्छ । कतै आश्रय लिनुहोस् ।

### यस्ता प्रकारका सन्देश बज्दै गरेको अवस्थामा

### छिटोभन्दा छिटो धैर्यताकासाथ कार्य अपनाउनुहोस् ।

**घर बाहिर भएको अवस्थामा, सकेसम्म बलियो भवनभित्र जानुहोस् अथवा ठूला भवनका तथा डिर्पाटमेन्ट स्टोरका अण्डरग्राउण्ड भएको ठाउँमा छिर्नुहोस् ।**

**भवन नभएको खुल्ला ठाउँमा भएको अवस्थामा, कुनै वस्तुको आड लागेर शरीर लुकाउने वा जमिनमा घोप्टो परेर सकभर अनुहार तथा टाउको जोगाउने प्रयास गर्नुहोस् ।**

**घरभित्र हुनुहुन्छ भने, झ्याल नजिक नबस्नुहोस् । जतिसक्दो छिटो झ्याल नभएको कोठामा जानुहोस् ।**

**यदि मिसाइल तपाई नजिकै जमिनमा खस्यो भने :**

- **घर बाहिर हुनुहुन्छ भने, रुमालले नाक र मुख बन्द गरेर सकेसम्म बलियो भवन तथा जमिनमुनि भाग्नुहोस् । हावाप्रवाह नहुने कोठामा जानुहोस् ।**
- **घरभित्र हुनुहुन्छ भने, एसी तथा पंखा बन्द गर्नुहोस् । झ्याल बन्द गर्नुहोस् अनि झ्याल र भित्ताकोबिचमा हावा छिर्ने चर छ भने त्यो थुन्नुहोस् ताकि कोठामा कुनै पनि हावा छिर्न नपाओस् ।**